बैजनाथ गाउँपालिका
Baijanath Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of Rural Municipal Executive

प. स.२०७७/०७८

रामपुर, बाँके
Rampur, Banke
लुम्बिनी प्रदेश नेपाल
Lumbini Province, Nepal

मिति:२०७७/०६/२९

## राजपत्रमा प्रकाशित गरि सार्बजनिकरण गरिएको सूचना

प्रस्तुत बिषयमा बैजनाथ गाउपालिकाको बिशेष गाउँसभाबाट देहायको एंन स्वीकृत भइ प्रकाशित भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | एंनको नाम | सभाबाट स्वीकृत मिति | बैजनाथ राजपत्रमा प्रकाशित मिति | खण्ड | भाग | संख्या |
|---|---|---|---|---|---|---|
| १ | बैजनाथ गाउपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण एंन ,२०७७ | २०७७/०६/२३ | २०७७/०६/२६ | ०४ | ०१ | ०१ |

२०७७/६/२९

दानबहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

बाँके
बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड : ०४ संख्या : ०१ भाग : ०१ प्रकाशित मिति : २०७७/०६/२६

## बैजनाथ गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७

**गाउँसभाबाट स्वीकृत मितिः २०७७/०६/२३**

<u>प्रस्तावना</u> : स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गर्न, वातावरण र विकासबीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२१ बमोजिम अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित वातावरण, प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयनका लागि कानूनी व्यवस्था गर्न, बैजनाथ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।